धार्मिक तथा ऐतिहासिक स्थल : बेत्रावती

सुवास आगमन

परिचय:

नेपाल सुन्दर, शान्त र विशाल छ। यहाँ आफ्नै मौलिक भाषा, रीतिरिवाज र संस्कृतिहरु रहेका छन्। थुप्रै धार्मिक तीर्थस्थलहरु छन्। पुराण आदि धर्मग्रन्थहरुमा उल्लेख भएका ठाउँहरु नै अहिले धार्मिक स्थलको रुपमा परिचित छन्। यी स्थानहरुले आफ्नो छुट्टै महत्व बोकेका हुन्छन्। यस्तै धार्मिक तथा ऐतिहासिक महत्व बोकेको स्थल हो बेत्रावती। बेत्रावतीलाई धार्मिक रुपमा उत्तरगयाको नाममा चिनिन्छ। यो बागमती अञ्चलको रसुवा जिल्ला लहरेपौवा गा.वि.स. वडा नं. १ र नुवाकोट जिल्लाको गेर्खु-९ (रसुवा नुवाकोटको सिमाना) मा पर्दछ। राजधानीबाट करीब ३/४ घण्टाको सवारी यात्राबाट सजिलै पुग्न सकिने ७८ कि.म. दूरीमा अवस्थित बेत्रावती बजार स्वच्छ, सुन्दर र रमणीय छ। नेवार समुदायको बजार क्षेत्रमा मुख्य बसोबास रहेको छ भने वरीपरीका क्षेत्रहरुमा ब्राह्मण, क्षेत्री, तामाङ र मगरहरुको बसोबास रहेको छ। बेत्रावती वरिपरिका गाउँ बस्तीको प्रमुख व्यापारिक केन्द्र पनि हो।

नामकरण:

बेत्रावतीको नामकरणको सम्बन्धमा एउटै किसिमको मत रहेको पाइन्छ। तर शब्द अपभ्रंसको विषयमा भने मतमतान्तर रहेको छ। बुढा पाकाहरु बेदको छडीबाट उत्पन्न बेत्रगंगाको नामबाट बेत्रावती नाम रहेको बताउँछन्। पण्डित कैलाशनाथ पौडेलज्यूको आफ्नो ऐतिहासिक कृति "गोसाइकुण्डदेखि देवघाटसम्मको पौराणिक इतिहास" मा – बेत्रगंगाको नामबाट यस ठाउँको नाम वेत्रामती रह्यो। वेत्रामती भन्दा भन्दै बेत्रावती भनिन थालियो, भन्ने उल्लेख गर्नुभएको छ। शैक्षिक पुञ्ज स्मारिका ने.रा.शि. संगठन रसुवाद्वारा प्रकाशित, "गोशाईकुण्ड र यसको बहुपक्षीय महत्व" लेखमा – वेदको छडीबाट उत्पति भएका कारण गंगाको नाम वेद गंगा रहेको, यस गंगाको नामबाट ठाउँको नाम वेदवती रहेको र वेदवती अपभ्रंस भई बेत्रावती नाम रहन गएको अनुमान पनि गर्न सकिन्छ भन्ने लेखिएको छ। (बेत्रावतीको इतिहासको अध्ययनको क्रममा केही अंग्रेजहरुले राख्नुभएको मतको आधारमा मैले यो कुरा अघि सारेको हुँ।) तर अध्ययनकै क्रममा माथि उल्लिखित दुई तर्कहरु भन्दा यो अँभ्र विश्वसनीय रहेको ठानेको छु। यहाँ- **बेत-ना.(सं.वेत/वेत्र) बाँसका जस्ता पात र आँख्ला हुने, सन्दुक लौरी आदि उपयोगी बस्तु बनाइने एक जातको लहरो र वपी-ना.(सं.) सानो जलाशय, कुवा, पनेरो** (दुवै शब्दहरुको अर्थ बृहत् शब्दकोषको आधारमा रहेको छ)। अतः वेत्रको छडीबाट सानो जलाशय उत्पति भएको हुनाले यस क्षेत्रको नाम वेत्रवपि रह्यो। र वेत्रवपि अपभ्रंस हुँदै वेत्रवती र कालान्तरमा बेत्रावती रहेको अनुमान पनि गर्न सकिन्छ। हाल यस नामलाई बोली चालीमा "बेत्राती" पनि भनिने गरिएको छ। अब भने यसले आफ्नो रुप नफेरोस्। बेत्रावतीलाई धार्मिक रुपमा उत्तरगयाको नामले चिनिन्छ। श्रीमद भागवतको हिमबत खण्डमा उत्तरगयाको विषयमा प्रष्ट रुपमा लेखिएको छ। विश्व रक्षा गर्ने पवित्र उद्देश्यले भगवान शिवले कालकुट विषको सेवनले औडाह भएर कैलाश कुटबाट गोशाईकुण्ड प्रस्थान गर्दा शुल पर्वतको फेदी – हालको बेत्रावती बजार) मा आइपुगे पछि विषको औडाहले आफुले टेकी हिंडेको वेदको लौरो जमीनमा गाड्नु भयो र तप्त गंगा ढुङ्गाको चेपबाट निस्किन्। जुन नदीलाई आज वेत्रगंगाको नामले चिनिन्छ। यस विषयमा श्रीमद भागवतमा यस्तो लेखिएको छ।

वेत्रेप्राहणतत्र प्रनि : सृजं जलं शिवम्।
वेत्रोदभवा नदी श्रेष्ठा वेत्र गंगेति संस्मृता :।
गंगा तुल्या समुत्सावै देवा सुरार्षिभी : स्तुता :॥

गोशाइकुण्ड मुहान गरी बग्ने त्रिशुली गंगा बेत्रावतीमा आएपछि वेत्रगंगा र रुद्रगंगासँग मिसिन जान्छ यही त्रिवेणीलाई उत्तरगया पुण्य स्थलको रुपमा चिनिन्छ। "**गया गयो गयादित्यौ गदाधर**" भन्ने उक्तिले पनि हामी यस क्षेत्रको धार्मिक महत्व बुझ्नु सक्छौ। बुढापाकाहरु गया स्नानमा जाँदा त्यहाँ उत्तरगयामा स्नान गरेको छ कि छैन भनेर सोध्ने चलन अझैसम्म पनि विद्यमान रहेको बताउँछन्।

श्राद्धभूमौ गयाध्यात्वा तथादेव गदाधर :।
उभाभ्याम् च नमस्तुभ्य : तत् श्राद्धम् समारभेत्॥

उत्तरगयामा त्रिगंगा भएकोले पनि यसको विशेष महत्व रहेको छ। यस त्रिवेणीमा स्नान दानादी कर्मले ब्रम्ह हत्या, गो हत्या, स्त्री हत्या जस्ता भयंकर पापहरु सजिलैसँग नाश हुन्छन् भन्ने मानिन्छ।

यहाँ जप दान यज्ञ जे गरेपनि उत्तरगयाले सबै अक्षय फल दिन्छ भन्ने विश्वास गरिन्छ ।

दर्शनाद्दुरतद्ःखस्पर्शनान्मानसंध्यनम्
स्नात्वाभुक्तातथादेविभुक्तिमागीनसंशेयः

पद्म पुराण १३४ अध्याय

यी हरफ अनुसार वेत्रावतीस्थित उत्तरगयाको दर्शनले दुःख नाश हुने स्पर्शले मानसम्मान बढ्ने र स्नानले मनभित्रका सम्पूर्ण संसथहरु नष्ट हुँदै मुक्ती मिल्दछ भन्ने कुराहरु उल्लेख गरिएको छ ।

श्री ५ पृथ्वी नारायण शाहबाट पितृ मुक्तिका लागि उत्तरगयामा श्राद्धादि कर्म गरी गोसाइकुण्ड पुगेर फर्कदा वेत्रावतीमा रामचन्द्र मन्दिरको स्थापना गरी गुरुज्यू रङ्गनाथ पौडेललाई धैबुङक्षेत्र गोशाईकुण्ड, कालिका माई र राम मन्दिरमा पूजाआजा सञ्चालनको लागि विर्ता दिइएको कुरा इतिहासमा पढ्न पाइन्छ ।

राम मन्दिरमा जोगी सीताराम पुडासैनीले २००९ सालमा चढाएको एउटा ठूलो घण्ट रहेको छ । अन्य भक्तजनहरुले पनि स्वर्गवासीहरुको स्मृतिमा घण्टहरु चढाएको, बरपिपल सार्ने चलन बढ्दै छ । सोमलाल लवट, शंकरदास डंगोल यो उदाहरणीय कार्य गर्ने नमुना व्यक्तिहरु हुन् । यो मन्दिरमा रहेको सीताको मुर्ति २०४० सालमा चोरी भएको थियो । हालसम्म यो मूर्ति पाउन सकिएको छैन र यसको खोजीको विषयमा पनि सम्बन्धित पक्षहरुको उचित ध्यान गएको देखिँदैन । स्थानीय मुर्तिकार चित्रबहादुर राना मगरले कुदेको प्रस्थर मुर्ति हराएको मुर्तिको सट्टामा राखिएको छ । भक्तजनहरु हराएको र प्रतिस्थापित मूर्तिको कलात्मक पक्षमा खासै भिन्नता नरहेको बताउँछन् ।

राम मन्दिर परिसरमा रहेको पुरानो घण्टमा "**सम्वत २००९ साल /८/१६/२/ मा 8 वेत्रावतीको रामचंद्रको थानमा रुद्र गिरी वालयोगीले पुरोगी चधायाको घंट १ कसैले लोभ नगर्नुमाह माहापाप लागलासम्भ**" भनी लेखिएको छ ।

यो मन्दिरको निर्माण काठमाडौं उपत्यकाका कुनै मल्ल राजाले कुनै गुरुज्यूलाई विर्ता स्वरुप जग्गा प्रदान गरेपछि विर्ताबाट प्राप्त आम्दानीले मन्दिर निर्माण गरी नियमित पुजापाठ समेतको व्यवस्था मिलाएको भनिन्छ । जनकवि केशरी धर्मराज थापाले "वि.सं. १८२० मा खिन्चेतबाट वेत्रावती झर्दा बडामहाराजा श्री पृथ्वीनारायण शाहबाट स्थापना गरिएको श्री रामको मन्दिर" भनी 'नीलकण्ठ दर्शन' नामक पुस्तकमा उल्लेख गरेका छन् । यो मन्दिर प्यागोडा शैलीमा निर्माण गरिएको छ । माथिका फरक फरक तथ्यहरुले राम मन्दिरको इतिहास अध्ययनमा चुनौती र जटिलता थपिएको छ । बजार केही भन्दा केहीमाथि बनदेवीको खुल्ला मन्दिर रहेको छ । यो मन्दिरमा पनि जोगी सीताराम पुडासैनी २००९ सालमा चढाएको एउटा ठूलो घण्ट रहेको छ । यहाँ रहेको घण्टमा "**संवत २००९ साल मार्ग २ गते १ मा वेत्रावती बजार र कैनलेटार गाउँ र बाट उथेको चंदाले देवी थानमा जोगी सीतारामले चधायाको घंट १ कसइले लोभ नगनुमाहा ।। पाप लागलासम्भ**" भनी लेखिएको छ । बजारभन्दा केही तल सन्सरी देवीको खुल्ला पूजास्थल रहेको छ । यहाँ रहेको सिलामा द्याङ्ग्रो छाप छ । त्यसैगरी बजारभन्दा केही माथि बोगटीटारमा सीता देवीको पूजास्थल रहेको छ । यहाँ प्राप्त पुरानो घंटमा "**२००८/१०/१ मा वोकेटारको सीद्धा देवीलाई स्वही गाईको सीताराम योगीले समर्पण गलेको घंट १ कसैले लोभ नगर्नू महा पाप लाग्लासम्भ**" भनी लेखिएको छ । हिन्दू धर्मस्थल मन्दिर, पाटी, पौवा मात्र नभई यहाँ बौद्ध धर्मावलम्बीहरुका लागि सातविसेमा ठूलो बौद्ध स्तुप रहेको छ । यहाँ तीन टन गहुँगो थाइल्याण्डमा बनेको विशाल बुद्ध मुर्ति रहेको छ । हालसालै इसाई धर्मावलम्वीहरुले पनि एउटा चर्चको स्थापना गरेका छन् ।

यही २०६० कार्तिक २७ गते राती स्थानीय गेर्खु गा.वि.स. ४ भैसे निवासी साधारण किसान सन्तबहादुर तामाङलाई सपनामा दिएको आधारमा सपरिवार नीलकण्ठ महादेवको उत्पति भएको छ । सो स्थानमा कुमार, गणेश, महादेव, पार्वती, बसाह र नाग एउटै विशाल प्रस्थर शिलामा चित्रांकित छ ।

ऐतिहासिक पक्ष

बेत्रावती नेपाली इतिहासको क्षेत्रमा नौलो नाम होइन । नेपाल र हाल चीनको स्वशासित क्षेत्र तिब्बतसंग वि.स. १८४९ मा मैत्रीपूर्ण सन्धी यसै स्थानमा भएको थियो । जुन सन्धीलाई वेत्रावती सन्धीको नामले चिनिन्छ । यो सन्धीको लिखित प्रमाण पाइएको छैन । मौखिक रुपमा नै यो सन्धी भएको मानिन्छ ।

वि.स. १८४६ ज्येष्ठ १९ (२ जुन १७८९) का दिन केरुङमा भएको सन्धी अनुसार केवल "वार्षिक रु. ५०,००१/– तिब्बतले नेपाललाई कर्कट संक्रान्तिको महिना दिनभित्र बुझाउने" भन्ने उल्लेख छ तर वि.स. १८४७ को रकम भोटले नेपाललाई बुझाएन र वि.स. १८४८ मा आएर रकम बुझाउने सम्बन्धमा एक पल्ट वार्ता गर्न नेपाली पक्षलाई भोट सरकारले अनुरोध गऱ्यो ।

दुवै पक्षबाट वार्ता विथोल्ने किसिमको कार्यहरु मात्र भए जसको कारण यसै वर्षको श्रावण २० (६ अगस्ट १७९१) मा नेपाल र भोटबीच युद्ध शुरु भयो । यो युद्धमा तिब्बतलाई चीनले सहयोग गऱ्यो जसको कारण नेपालले ठूलो क्षती

व्यहोर्नु पर्‍यो । चिनिया फौज बेत्रावतीसम्म आइपुगेकाले काठमाडौंको लागि नै खतरा भइ बहादुर शाहले राज्यकोषलाई समेत मकवानपुर सार्ने आदेश दिए । त्यसपछि नेपालले चिनीया शर्तहरु नमानीकन सुख पाएन । अन्तमा वि.सं. १८४९ आश्विन १७ गतेका दिन (सन् १७९२ अक्टुबर ५) दुवै पक्षका बीच बेत्रावतीमा सम्झौता भई युद्धको अन्त भयो । यो सन्धीले तत्कालीन अर्थ जगतमा हलचल नै ल्याइदियो । यो सम्झौता अनुसार नेपालले वि.सं. १८४६ को सन्धीबाट पाएको सबै अधिकार गुमाउनु पर्‍यो । सयौं वर्षदेखि नेपालले गर्दै आएको भोटको लागि टक छाप्ने काम बन्द गर्नुपर्‍यो । नेपाल र भोटबीच कुनै विवाद उठेमा त्यसको समाधान चिनियाँ पक्षले गर्ने र चिनियाँ बादशाहको सम्मानमा नेपालले प्रत्येक ५ वर्षमा एउटा शिष्ट मण्डली चीन पठाउनु पर्ने भयो । कुती र केरुङ क्षेत्रमा चिनियाँअधिकारीहरुले रेखाङ्कन गरेको सीमानालाई मान्नुपर्ने भयो । दीगार्चामा लुटेको सम्पति र श्यामार्पा लामाको शव फिर्ता गर्नुपर्ने भयो । पुर्खाहरुको विरताको यो गाथा जीवन्त राख्न अझै सम्म पनि रसुवाको गोल्जुङ क्षेत्रमा "ताबु छेवा" (घोडे नाच) नाच नाचिने चलन छ । यो नाचमा नेपाल तिब्बत युद्ध र बेत्रावती सन्धीलाई कलात्मक शैलीबाट प्रस्तुत गर्ने गरेको पाइन्छ । यो सन्धीलाई नेपाली इतिहासमा ठूलो महत्वको साथ हेर्ने गरिन्छ ।

सन्धी स्तम्भ चर्चा

बेत्रावती सन्धीको ऐतिहासिकताको संरक्षणका लागि बेत्रावती सन्धी स्तम्भ निर्माण गर्नु आवश्यक रहेको छ । सन्धी स्तम्भ निर्माणमा स्थान छनौट र स्तम्भ डीजाइनको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ । सन्धी मितेरी, मित्रताको

सुचक हो । शान्तिको सुचक हो तसर्थ सन्धी स्तम्भमा मित्रता र शान्ति झल्कने खालका कलात्मक संकेतहरुको प्रयोग हुनु सार्थक रहन सक्दछ । हात मिलाई राखेको, भोट-नेपालको झण्डा क्रस र सोही झण्डालाई छोएर उडेको परेवा, भोटका आदीवासी र नेपाली पोशाकमा हातेमालो गरी उभिएको प्रतिमा आदि सन्धी स्तम्भका उपयुक्त नमुनाहरु हुन सक्दछन् ।

स्थान छनौटले सन्धीको ऐतिहासिकता प्रष्ट्याउनको लागि विशेष भूमिका खेल्दछ । बेत्रावतीमा युद्ध वर्षाद् समय अर्थात साउन/भदौमा भएको हो । वर्षादको समयमा त्रिशूली र फलाखु धेरै नै बाडी आएको र नदी तर्नका लागि पर्याप्त, मजबुद फड्केहरु नभएका कारण तिब्बतीहरु सन्धी गर्न बाध्य भएका हुन् । फड्के तर्न खोज्दा नेपालीको आक्रमणबाट धेरै तिब्बतीहरुको मृत्यु भयो, कति त फर्कंदा बेइजत हुने डरले खोलामा फालहाली मरेको कुराहरु इतिहासमा उल्लेख छ । यी कुराहरुबाट युद्ध र सन्धीको मुख्य स्थल नै फलाँखु क्षेत्र रहेको अनुमान गर्न सकिन्छ । अतः सन्धी स्तम्भ यही 'मजुवा' क्षेत्रमा निर्माण गरिनु सार्थक रहन सक्दछ । हाल सन्धी स्तम्भ निर्माण सुँधुरे फाँटमा रहेको ठूलो ढुङ्गामा निर्माण गर्नु उपयुक्त रहेको कुरा चलिरहेको छ । यो ढुङ्गा दुधे लामाको थानबाट तिब्बती सेनालाई क्षति पुर्‍याउने उद्देश्यले लडाइएको भन्ने किम्बदन्ति प्रचलित रहेको छ । यो किम्वदन्तिलाई हामीले अन्धभक्त भएर विश्वास गर्नु अनुपयुक्त हुन जान्छ । पहरामा हुने, पहाडमा हुने, र बगरमा हुने ढुङ्गाहरु फरक हुन्छन् र विज्ञान प्रविधिका सहायताले सहजनै पत्ता लागउन पनि सकिन्छ । यो युद्धमा नेपालको कमजोरी रहेको यथार्थलाई हामीले ढाकछोप गर्नुहुँदैन । चीनको पूर्ण सहयोग भोट माथि रहेको कारणले पनि नेपालले सन्धी गर्नुको विकल्प थिएन । यदि तिब्बती सेनाले फँलाखु र त्रिशुली नदी पार गर्न सकेका भए बेत्रावती सन्धी हुने सम्भावना नै हुन नसक्ने अनुमान इतिहास अध्ययनबाट गर्न सकिन्छ । अतः यो ढुङ्गामाथि मात्र किम्बदन्तीको आड लिएर स्तम्भ निर्माण गरिंदा ऐतिहासिकता ओझेलमा पर्न सक्दछ ।

स्थानीय मेला तथा चाडपर्व

धार्मिक तथा ऐतिहासिक स्थल बेत्रावतीमा विभिन्न समयमा मेला तथा जात्रा पर्व लाग्ने गर्दछ । जनै पूर्णिमाको भोलिपल्ट नेवारी समुदायमा प्रचलित लाखे नाच, गाईजात्रा पर्व मनाउने चलन रहेको छ । लाखेनाच गोठेमङ्गल औंशीदेखि कृष्ण अष्टमीको भोलिपल्टसम्म नाचिने चलन छ । यो नाचामा प्रचलित बाजा, नाच तथा मखुण्डो काठमाडौं उपत्यकाको भन्दा छुट्टै रहेको छ ।

हरिबोधनी एकादशीको दिन पितृहरुको स्मृतिमा फूलको डोरी (तोरण) तार्ने चलन रहेको छ । यो फूलको डोरी तार्न डाँडा पाखाका गाउँ गाउँबाट सामुहिक रुपमा पन्चे बाजा, बालन, भजन, झयाउरे गीत, मारुनी आदि सांस्कृतिक रमझमका साथ ल्याइने चलन छ । रामनवमीको दिन बजारमा अवस्थित राम मन्दिरमा राम-सीताको विवाह गराउने चलन रहेको छ । सो गुठीको सञ्चालकहरुबाट सातु बाँड्ने, राम सीतालाई रथमा राखेर बजार परिक्रमा गराउने पनि गरिन्छ ।

पौषे औंशी (गया औंशी)का दिन उत्तर गया पुण्य भूमिमा श्राद्ध गरेर तर्पण दिएको दिवंगत पितृहरुको हातमा पर्ने, पितृ तर्न सक्ने विश्वासले देशका कुनाकुनाबाट हजारौंको संख्यामा पितृ भक्तहरु श्राद्ध गर्न आउँछन् । हिन्दु धर्मावलम्बीहरु मात्र नभइ बौद्ध धर्मावलम्बीहरु पनि यहाँ श्राद्धका लागि आउँदछन् ।

बुद्ध जयन्तीको दिन सात विषेस्थित बुद्ध स्तुपमा पूजाआजा गर्ने चलन छ । कृष्ण अष्टमीका दिन कृष्णलाई रथारोहण गर्ने तथा भजन कीर्तन गरी पुजा गर्ने गरिन्छ । त्यसैगरी माघे संक्रान्तिका दिन सत्री फाँट गोरु जुधाउने चलन रहेको छ । तर केही वर्ष यता यो पर्व लोप हुने अवस्थामा पुगेको छ । कला, धर्म, संस्कृति नै हाम्रो परिचय भएको हुनाले यसको संरक्षण र विकास गर्नु हाम्रो प्रमुख कर्तव्य हो ।

उपसंहार

बेत्रावती पर्यटन विकासको दृष्टिकोणले पनि सम्भावित र महत्वपूर्ण क्षेत्र हो । यसको ऐतिहासिक तथा धार्मिक महत्वको प्रचारप्रसार गर्न सकियो भने पर्यटन क्षेत्रमा निश्चित रुपमा विकास हुनसक्छ । उत्तरगया क्षेत्रको विकासको लागि भनेर जति थरी समिति, समूह संस्था क्लब गठन गरिए पनि योजना अनुरुपको कार्य नहुँदा यो माथि उठ्न सकिरहेको छैन । ऐतिहासिक मठमन्दिर कला धर्म संस्कृति र रीतिरिवाजको संरक्षण विकास गर्नु समाज विकासको दृष्टिकोणले ज्यादै आवश्यक कुरा हो ।

यस क्षेत्रको वरिपरि पृथ्वीको गर्भमा थुप्रै इतिहास लुकेका हुन सक्छन् । छरिएर रहेका सिलालेखहरुको संरक्षण र अध्ययनले थप ऐतिहासिक तथ्यहरु आउन सक्छ । यस्ता इतिहास बोल्ने शिलाहरुको संरक्षण र अध्ययन हुनु जरुरी देखिन्छ ।

बजारको बढ्दो जनसंख्याको चापले वातावरण प्रदूषित हुँदैछ । जथाभावी फोहोर मैला फालिनाले पानी नै दूषित बन्न पुगेको छ । यो वातावरण र स्वास्थ जस्तो गहन विषयलाई समय मै सोचिएन भने पश्चातापको भुमरीमा पार्नु सिवाय अरु केही हुनेछैन ।

सन्दर्भ सामग्रीहरु

१. पौड्याल कैलाशनाथ, पौराणिक इतिहास २०५९
२. पिताम्बरलाल यादव, नेपालको राजनैतिक इतिहास
३. बुद्धिनारायण श्रेष्ठ, नेपालको सिमाना २०५७
४. www.agaman.blogspot.com

बेत्रावती बजार, रसुवा
E mail:letter_canvas@yahoo.com

विजयादशमी तथा शुभ दीपावली २०६४ को
अवसरमा हाम्रा समस्त विद्यार्थी तथा अभिभावकज्यूहरुमा
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

छत्र खड्का
प्राचार्य तथा
नीलकण्ठ उच्च मा. वि
बेत्रावती, रसुवा परिवार

"Quality education for quality life"

विजयादशमी तथा
शुभ दीपावली २०६४ को अवसरमा
हाम्रा समस्त विद्यार्थी, शिक्षक तथा अभिभावकज्यूहरुमा
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

REHDON
COLLEGE & SCHOOL
Samakhushi, Kathmandu, Nepal
P.O. Box No.: 8668, Tel: 4352761, 4364106
Email: rehdon@info.com.np
www.rehdoncollege.edu.np

विजयादशमी तथा
शुभ दीपावली २०६४ को अवसरमा
हाम्रा समस्त विद्यार्थी, शिक्षक तथा अभिभावकज्यूहरुमा
मंगलमय शुभकामना व्यक्त गर्दछौं

बसुराम रिजाल
क्याम्पस प्रमुख तथा
चण्डेश्वरी बहुमुखी क्याम्पस परिवार
तुप्चे, नुवाकोट

विजयादशमी तथा शुभ-दीपावली २०६४ को अवसरमा प्रकाशित

क्यानभास

वर्ष १ अङ्क २

समसामयिक संकलन

सम्पादक

सुवास आगमन

सहयोगीहरू

शिव कुमार रैला
सुरज आचार्य
उज्वल प्याकुरेल

हार्दिक आभार

डा. केदार नरसिंह के.सी.
ओम प्रकाश घिमिरे
फुर्पा तामाङ
देवराज सिंखडा

प्रकाशक

क्यानभास रिसर्च सेन्टर

वेत्रावती बजार, रसुवा
सम्पर्क नं. ९८४१४६४०४२
GPO Box No. 8974, CPC 399, Kathmandu
E-mail: letter_canvas@yahoo.com
Url: www.canvas.com.np

क्यानभास
(सामयिक संकलन)

प्रकाशक	: क्यानभास रिसर्च सेन्टर, वेत्रावती, रसुवा
प्रकाशन	: विजया दशमी २०६४ (१५०० प्रति)
मूल्य	: व्यक्तिगत रु. ५०/-
	: संस्थागत रु. २५०/-
आवरण फोटो	: सुवास आगमन
सर्वाधिकार ©	: प्रकाशकमा
कम्प्यूटर/मुद्रण	: स्वेता अफसेट प्रेस, बाइसधारा, बालाजु

CANVAS
(Contemporary Collection)

Published by : **CANVAS Research Center**
Betrawati Bazar, Rasuwa.

CANVAS

क्यानभास

समसामयिक संकलन



क्यानभास रिसर्च सेन्टर, वेत्रावती बजार, रसुवा